नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा

☎ ०७५ { ५२०१२३ ५२०१२४ ५२०१२५

Email: daopalpa@gmail.com
Website: http://daopalpa.moha.gov.np
Facebook Page : www.facebook.com/dao.palpa.184

च.नं.
प.स. २०८३/०८४

मिति : २०८३/७/१०
११४६ कौलागाः १, मंगलबार

## सुरक्षा सतर्कता अपनाउने सम्बन्धी सूचना

हाल बंगालको खाडीमा विकसित भईरहेको मौसमी प्रणालीले सिर्जना हुने अर्नव चक्रवातको असर स्वरुप यही कार्तिक १३ देखि १४ गते सम्म यस जिल्लामा पनि मध्यम देखि भारी वर्षा हुन सक्ने भन्ने मौसम पूर्वानुमान महाशाखाको प्रक्षेपण रहेको हुँदा उक्त अवधिभर देहाय बमोजिम सचेतना अपनाउनुहुन अनुरोध गरिन्छ ।

- धानवाली भित्र्याउने लगायतका कृषि कार्यहरु कार्तिक १२ गते विहिवार अगाडि वा १५ गतेपछि गर्नुहुन ।
- वर्षातको कारण नदी आसपासका क्षेत्रमा आकस्मिक बाढीको जोखिम रहने तथा विभिन्न क्षेत्रमा पहिरोको समेत जोखिम रहने हुँदा सुरक्षित भई बस्नुहुन ।
- उल्लेखित अवधिभर सकभर लामो यात्राका कार्यक्रमहरु तय नगर्नुहुन ।
- अत्यावश्यक अवस्थामा यात्रा गर्नुपर्ने भएमा नजिकको प्रहरी युनिट वा ट्राफिक प्रहरीसँग समन्वय गरी सडकको अवस्था बुझेर मात्र यात्रा गर्नुहुन ।

**समन्वय/सहयोगको लागि:**

१२३४ जिल्ला आपतकालिन कार्यसन्चालन केन्द्र, पाल्पा ।
१०० जिल्ला प्रहरी कार्यालय, पाल्पा ।
१११४ सशस्त्र प्रहरी बल नेपाल ३५ नं गुल्म, पाल्पा ।

२०८३/०७/१०
स.प्र.जि.अ.

राजेश पन्थी
सहायक प्रमुख जिल्ला अधिकारी